## प्रशासकीय अदालत

## इजलास

श्री डिल्लीराज घिमिरे............ अध्यक्ष

श्री रीता मैनाली ................ सदस्य

श्री कृष्ण प्रसाद पौडेल........... सदस्य

## फैसला

सम्वत् २०७५ सालको पु.वे.नं..........४/००५

मुद्दाः विभागीय सजाय (दुई वर्षसम्म बढुवा रोक्का) ।

| | |
|---|---|
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा नायब सुब्बा पदमा कार्यरत राज कुमार सुवेदी ..... | पुनरावेदक |
| विरुद्ध | |
| वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ.. | विपक्षी |

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः-

काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम गा.वि.स वडा नं ६ कि.नं. २४८ को क्षेत्रफल ९-१०-०-० जग्गाको लिखत पारित भइसकेको अवस्थामा सो बमोजिम रोक्का फुकुवा नहुँदै अर्के व्यक्तिको नाममा नामसारी भई गएको देखिएकाले रोक्का राख्न पर्ने दायित्व भएका कर्मचारीले अनुचित कार्य गरेकोले विभागीय कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आए बमोजिम काभ्रेपलाञ्चोक मालपोत कार्यालयमा कार्यरत तत्कालीन कर्मचारीहरुमध्ये भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७०।९।३० को पत्रमा उल्लेख गरिए अनुसार मालपोत अधिकृत प्रेम बहादुर देसार श्रम तथा रोजगार मन्त्रालयमा सरुवा भई गएको, ना.सु. विनोद कोइराला मालपोत कार्यालय पाल्पामा सरुवा भई गएको, ना.सु. राजकुमार सुवेदी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत रहेको हुँदा ना.सु.विनोद कोइरालालाई भूमिसुधार तथा व्यवस्थापन विभागबाट विभागीय कारवाही गरिएको र तत्कालिन निमित्त मालपोत प्रमुख अधिकृत प्रेम बहादुर देसार र ना.सु. राजकुमार सुवेदीलाई विभागीय कारवाही गर्नका लागि श्रम तथा रोजगार मन्त्रालय र वन तथा भू संरक्षण मन्त्रालयमा पत्राचार गरिएको भन्ने उक्त पत्रमा लेखेको देखिएकोले निज प्रेम बहादुर देसार र ना.सु. राजकुमार सुवेदीलाई के कस्तो कारवाही भइरहेको छ ? श्रम तथा रोजगार मन्त्रालय र वन तथा भू संरक्षण मन्त्रालयबाट जवाफ मगाई आएपछि पेश गर्नु भन्ने आदेश भएको हुँदा यो पत्र लेखिएको छ । अतः तहाँ मन्त्रालय अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत ना.सु. राजकुमार सुवेदीलाई के कस्तो कारवाही

भइरहेको छ ? सोको जवाफ यथाशिघ्र पठाई दिनु हुन आदेशानुसार अनुरोध गरिन्छ भनी लेखी आएको हुँदा उपरोक्तानुसार तपाइले कानूनद्वारा निर्दिष्ट कार्य नगरी कर्तव्य र आचार विपरित कार्य गरेको देखिएकोले तपाइलाई निजामती सेवा ऐन, २०४९ बमोजिम कारवाही किन नगर्ने ? सो नगर्नु पर्ने कुनै कारण प्रमाण भए सो समेत राखी १५ दिनभित्र स्पष्टीकरण पेश गर्नु होला अन्यथा कानून बमोजिम कारवाही भई जाने व्यहोरा जानकारी गरिन्छ भन्ने समेत व्यहोराको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मिति २०७४।४।३२ मा पुनरावेदकलाई स्पष्टीकरण पेश गर्ने सम्बन्धमा लेखेको पत्र ।

मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा तत्काल कार्यरत म मोठ फाँटमा रही कामकाज गर्दै आइरहेकोमा उक्त लिखत रोक्का मोठ भिडाई रजिष्ट्रेशन पासको लागि रजिष्ट्रेशन फाँटमा गएको व्यहोरा अनुरोध छ । रजिष्ट्रेशन फाँटमा रोक्का मोठ भिडि गएको लिखत रजिष्ट्रेशन पास भयो या भएन भन्ने थाहा नभएको र रजिष्ट्रेशन पास भए पश्चात सम्बन्धितले रोक्का राख्न नल्याएको कारण उक्त पारित दृष्टिबन्धक रोक्का रजिष्ट्रेशनमा रोक्का रहन नगएको हो । यसमा मैले जानी जानी आफ्नो कर्तव्य विपरित हुने अनुचित कार्य नगरेको हुँदा मलाई निजामती सेवा ऐन, २०४९ बमोजिम कारबाही हुनु नपर्ने भन्ने समेत व्यहोराको मिति २०७४।५।१४ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पुनरावेदकले पेश गरेको स्पष्टीकरण ।

काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम गा.वि.स.वडा नं. ६ कि.नं. २४८ को क्षेत्रफल ९-१०-०-० जग्गाको दृष्टिबन्धक लिखत पारित भइसकेको अवस्थामा सो बमोजिम रोक्का फुकुवा नहुँदै मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०६९।१।२१ मा भएको निर्णयबाट उक्त जग्गा सञ्चमाया तामाङको नाममा नामसारी भई गएको देखिएकोले रोक्का राख्नु पर्ने उक्त जग्गा नामसारी गर्ने गरी भएको अनुचित कार्यमा संलग्न तत्कालीन नायब सुब्बा राज कुमार सुवेदीलाई निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम आवश्यक कारवाही गर्ने भनी लेखी आएकोमा निज हाल तहाँ मन्त्रालय अन्तर्गत रहेको भन्ने जानकारी प्राप्त हुन आएकोले निजलाई आवश्यक कारवाही गरी सोको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुगमन तथा तामेली महाशाखामा गराउने व्यवस्था हुन यस मन्त्रालयबाट मिति २०७२।१०।११ मा तहाँ मन्त्रालयमा अनुरोध गरी आयोगको उक्त निर्णय कार्यान्वयन भयो भएन, भएको भए सोको जानकारी यस मन्त्रालयलाई समेत गराई दिनु हुन अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०७४।६।४ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले वन तथा भूसंरक्षण मन्त्रालयलाई आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा लेखेको पत्र ।

काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम गा.वि.स वडा नं ६, कि नं. २४८ को क्षेत्रफल ९-१०-०-० जग्गाको दृष्टिबन्धक लिखत पारित भइसकेको अवस्थामा सो बमोजिम रोक्का फुकुवा नहुँदै अर्के व्यक्तिको नाममा नामसारी भई गएको देखिएकोले तपाइ जग्गा रोक्का राख्नु पर्ने दायित्व भएको कर्मचारी भएर पनि कानूनद्वारा निर्दिष्ट कार्य नगरी कर्तव्य र आचार विपरित अनुचित कार्य गरेको देखिएकोले तपाइलाई निजामती सेवा ऐन, २०४९ बमोजिम किन कारवाही नगर्ने ? सो नगर्नु पर्ने कुनै कारण वा प्रमाण भए १५ दिनभित्र स्पष्टीकरण पेश गर्नु भनी यस विभागको मिति २०७४।४।३२ को पत्रबाट सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक देखिएन । तसर्थ, तपाइलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० (क)(घ) को कसूरमा उक्त ऐनको दफा ५९ को (क) (२) बमोजिम दुई वर्षसम्म बढुवा रोक्का वा बढीमा दुई तलब बृद्धि रोक्का गर्ने कारवाही किन नगर्ने ? सो नगर्नु पर्ने कुनै ठोस कारण भएमा १५ दिनभित्र अभिलेखीय प्रमाण सहितको लिखित स्पष्टीकरण पेश गर्नु हुन निजामती सेवा ऐन, २०४९ को दफा ६७ को प्रयोजनार्थ सफाई पेश गर्ने अन्तिम मौका दिइएको व्यहोरा जानकारी गराईन्छ भने समेत

व्यहोराको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मिति २०७४।७।५ मा पुनरावेदकलाई पुनः स्पष्टीकरण पेश गर्ने सवन्धमा लेखेको पत्र ।

मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा तत्काल कार्यरत म मोठ फाँटमा कामकाज गर्दै आइरहेकोमा उक्त लिखत रोक्का मोठ भिडाई रजिष्ट्रेशन पासको लागि रजिष्ट्रेशन फाँटमा गएको व्यहोरा अनुरोध छ। रजिष्ट्रेशन फाँटमा रोक्का मोठ भिडी गएको लिखत रजिष्ट्रेशन पास भयो या भएन भन्ने थाहा नभएको, रजिष्ट्रेशन पास भए पश्चात सम्बन्धितले रोक्का राख्न नल्याएको कारण उक्त पारित दृष्टिवन्धक रोक्का रजिष्ट्रेशनमा रोक्का रहन नगएको हो । यसमा मैले जानी जानी आफ्नो कर्तव्य र आचार विपरित हुने अनुचित कार्य नगरेको हुँदा मलाई निजामती सेवा ऐन, २०४९ बमोजिम कारवाही हुनु नपर्ने व्यहोरा अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०७४।७।१४ मा पुनरावेदकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक समक्ष पेश गरेको पुनः स्पष्टीकरण जवाफ ।

वन तथा भू संरक्षण मन्त्रालयको मिति २०७४।८।४ को पत्रबाट माग भए बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागका नायव सुव्वा राज कुमार सुवेदीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने र निजामती सेवा नियमावली, २०५० को नियम ११२ को उपनियम (५) बमोजिम तोकिएको अवधिभित्र विभागीय सजायको कारवाही सम्पन्न गरी सोको जानकारी यस आयोगलाई गराउन लेखी पठाउने भन्ने परामर्श सहित लोक सेवा आयोगले वन तथा भू संरक्षण मन्त्रालयलाई मिति २०७४।११।१५ मा लेखेको पत्र ।

तत्कालीन समयमा काभ्रेपलाञ्चोक मालपोत कार्यालयमा कार्यरत हाल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत ना.सु. राजकुमार सुवेदीले काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम वडा नं. ६ को कि.नं. २४८ को क्षेत्रफल ९-१०-०-० जग्गाको दृष्टिवन्धक लिखत पारित भई सकेको अवस्थामा सो बमोजिम रोक्का फुकुवा नहुँदै मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०६९।१।२१ मा भएको निर्णय बमोजिम उक्त जग्गा सत्रमाया तामाङ्गको नाममा नामसारी भई गएको उक्त लिखत रोक्का मोठ भिडाई रजिष्ट्रेशन पासको लागि रजिष्ट्रेशन फाँटमा गएको, रजिष्ट्रेशन फाँटमा रोक्का मोठ भिडी गएको लिखत रजिष्ट्रेशन पास भयो भएन भन्ने थाहा नभएको रजिष्ट्रेशन पास भए पश्चात सम्बन्धितले रोक्का राख्न नल्याएको कारण उक्त पारित दृष्टिवन्धक रोक्का रजिष्टरमा रोक्का रहन नगएको भन्ने समेत व्यहोराको निजले यस विभागमा पेश गरेको स्पष्टीकरणको जवाफ चित्त बुझ्दो र आधार प्रमाणयुक्त नदेखिएकोले उक्त रोक्का राख्नु पर्ने जग्गा नामसारी गर्ने गरी भएको अनुचित कार्यमा संलग्न तत्कालीन नायव सुव्वा राजकुमार सुवेदीले निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) बमोजिम निजले सम्पादन गरेको काम सन्तोषजनक नभएको र खण्ड (घ) बमोजिम यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पुरा नगरेको भन्ने कसूर गरेको पुष्टी हुन आएको हुँदा निज नायव सुव्वा राजकुमार सुवेदीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९ खण्ड (क)(२) को दुई वर्षसम्म बढुवा रोक्का गर्ने निर्णय आदेश गरिएको छ । यो आदेश उपर चित्त नबुझेमा निजामती सेवा नियमावलीको नियम ११४ को खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालतमा पुनरावेदन दिन सकिने छ भन्ने समेत व्यहोराको मिति २०७४।१२।१२ मा वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खड्काले गरेको विभागीय सजायको आदेशको निर्णय ।

यस विभागमा कार्यरत नायब सुब्बा राज कुमार सुवेदीले निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र खण्ड (घ) को कसूर गरेको पुष्टि हुन आएकोले तपाइलाई सोही ऐनको दफा ५९ को खण्ड (क) को (२) बमोजिम २ वर्ष बढुवा रोक्का वा २ वर्ष तलब वृद्धि रोक्का सजाय गर्न सक्ने प्रावधान बमोजिम कसूरको मात्र हेरी २ वर्षसम्म बढुवा रोक्का गर्ने सजाय प्रस्ताव गरी वन तथा वातावरण मन्त्रालय मार्फत लोक सेवा आयोगको परामर्शको लागि पेश हुँदा लोक सेवा आयोगको परामर्श सहित वन तथा भूसंरक्षण मन्त्रालयको मिति २०७४।११।२१ को पत्रबाट निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय आदेशको निर्णय मिति २०७४।१२।१२ मा भएकोले आदेशको निर्णय प्रति यसैपत्र संलग्न राखी जानकारीको लागि अनुरोध छ भन्ने समेत व्यहोराको पुनरावेदकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले मिति २०७४।१२।२१ मा विभागीय सजाय सम्बन्धमा लेखेको जानकारी पत्र ।

काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम गा.वि.स. वडा नं. ६ को कि.नं. २४८ को क्षेत्रफल १-१०-०-० जग्गा मिति २०६५।९।२९ मा दृष्टिबन्धक पारित भएको अवस्थामा फुकुवा नहुँदै मिति २०६९।१।२१ मा भएको नामसारी निर्णयबाट सञ्जमाया तामाङको नाममा गएको भन्ने कारण देखाई निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई वर्ष बढुवा रोक्का गर्ने कानूनी आधार लिई मलाई कसूरदार ठहर गरी गरेको विपक्षी कार्यालयको निर्णय गैरकानूनी भएकोले बदरभागी छ । म मालपोत कार्यालय, धुलिखेल, काभ्रेमा मोठ रोक्का फाँटमा कार्यरत रहेको र मैले आफ्नो पदीय दायित्व पुरा गरेको हुँ। मोठ रोक्का भिडी गएको लिखत रजिष्ट्रेशन फाँटबाट मलाई फिर्ता नआएको अवस्थामा मलाई लिखत पारित भए नभएको जानकारी हुँदैन । लिखत पारित भए पश्चात सम्बन्धित रजिष्ट्रेशन फाँटबाट पुनः पारित लिखत रोक्का मोठमा आए पछि मात्र रोक्का राख्ने सम्बन्धमा कारवाही हुने हुँदा विपक्षीबाट मलाई सजाय गर्ने गरी भएको निर्णय कानूनसंगत छैन। मैले जग्गा प्रशासन निर्देशिका, २०५८ को परिच्छेद १० मा भएको कार्य अनुशासित तवरबाट गरेको हुँदा मलाई विपक्षीबाट सजाय गर्ने गरी भएको निर्णय त्रुटिपूर्ण छ । मैले पदीय दायित्व पुरा गरी आफ्नो जिम्माको काम कर्तव्य पालना गरेको छु। मैले कानूनद्वारा निर्दिष्ट कार्य गरेको, आचार संहिता विपरित कुनै पनि अनुचित कार्य नगर्दा नगर्दै २ वर्ष बढुवा रोक्का गर्ने गरी विपक्षी कार्यालयले गरेको शुरुको कारवाही बदर गरी मलाई सफाई दिलाई न्याय पाउँ । मालपोत ऐन २०३४ को दफा ३२ ख ले यस ऐन बमोजिम मालपोत अधिकृतबाट जग्गाको नामसारी दाखिल खारेज लगायत प्रचलित कानून बमोजिम गम्भीर त्रुटी भएको छ भन्ने कुरा अदालतमा उजुर गर्नु अघि कसैको निवेदन परी वा कुनै व्यहोराले थाहा हुन आएमा मालपोत विभागको महानिर्देशकले उक्त निर्णय बदर गरी कानून बमोजिम पुनः निर्णय गर्न सक्ने छ भन्ने कानूनी व्यवस्थाले पनि मालपोत विभागले आफैले सो दाखिल खारेज बदर गरी दृष्टिबन्धक बमोजिमको सम्पत्ति रोक्का राखी दृष्टिबन्धक लिखत सुरक्षित राख्न नसकिने थिएन। यी आधार प्रमाणबाट शुरुको मलाई सजाय हुने गरी गरेको निर्णय बदर गरी म राष्ट्र सेवक कर्मचारीले आफूले पालना गर्नुपर्ने जिम्मेवारी र दायित्व पुरा गरेको अवस्थामा विपक्षी कार्यालयले मलाई कसूरदार ठहर गरी दुई वर्षसम्म बढुवा रोक्का हुने गरी मिति २०७४।१२।१२ मा गरेको कानूनी त्रुटीपूर्ण निर्णय बदर गरी मलाई सफाई दिलाई न्याय पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।१।१६ मा पुनरावेदकले यस अदालतमा पेश गरेको पुनरावेदन पत्र ।

यसमा मोठ रोक्का भिडी गएको लिखत रजिष्ट्रेशन फाँटबाट फिर्ता नआएको अवस्थामा आफूलाई जानकारी नहुने हुँदा अधिकार प्राप्त अधिकारीले सबुद प्रमाणको मूल्याङ्कन नै नगरी विभागीय सजाय

गरेको निर्णय त्रुटीपूर्ण भएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले मुलुकी देवानी कार्यविधि (संहिता) २०७४ को दफा २१३ को उपदफा (३) बमोजिम विपक्षीलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७५।५।१७ मा यस अदालतबाट भएको आदेश ।

## अदालतको ठहर

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दा पुनरावेदन जिकिरलाई समर्थन गर्दै जग्गाको मोठ भिडाउने तथा रोक्का राख्ने काम आफ्नो भए तापनि रजिष्ट्रेशन शाखाबाट त्यस्तो रेकर्ड नआएसम्म आफूलाई थाहा नहुने हुँदा दृष्टिबन्धक रोक्का नगरेको हो, मैले रोक्का मोठ भिडाई रजिष्ट्रेशन फाँटमा पठाएको सम्म हो। उक्त लिखत पास भए नभएको आफूलाई जानकारी छैन। त्यस्तो अवस्थामा आफुले गरेको कार्य उपर गरेको विभागीय सजाय अन्यायपूर्ण भएकोले बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदकको भनाई तथा विपक्षीका तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले पुनरावेदकले एउटै कार्यालयमा रहेका विभिन्न शाखाहरु बीच समन्वय राख्नु पर्नेमा सो नराखी कानून विपरित कार्य गरेको, निजको उक्त कार्य उपर गरेको कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि लेखी पठाएको अवस्था रहेको तथा अख्तियार प्राप्त व्यक्तिले लोक सेवा आयोगको परामर्श लिई निज उपर गरेको विभागीय कारवाही कानूनसम्मत भएको, पुनरावेदकको जिकिर अन्य कुनै प्रमाणबाट समर्थित हुन नआएको र राष्ट्र सेवकले गर्नु पर्ने दायित्व समेत पूरा नगरेको हुनाले निजमाथिको कारवाही मिलेकै हुँदा सदर हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनी मिसिल अध्ययन गरी निर्णय तर्फ हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदकलाई दुई वर्ष बढुवा रोक्का गर्ने गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकले मिति २०७४।१२।१२ मा गरेको विभागीय सजायको निर्णय कानूनसम्मत छ वा छैन ? उक्त निर्णय बदर गर्नु पर्ने हो वा होइन ? भन्ने प्रश्नमा निर्णय गर्नुपर्ने देखिन्छ।

प्रस्तुत मुद्दामा पुनरावेदक मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा कार्यरत रहँदा काभ्रेपलाञ्चोक जिल्ला नाल्दुम गा.वि.स. वडा नं. ६ को कि.नं.२४८ को क्षेत्रफल ९-१०-०-० जग्गाको दृष्टिबन्धक लिखत पारित भइसकेको अवस्थामा सो जग्गाको रोक्का फुकुवा नहुँदै मिति २०६९।१।२१ मा अर्के व्यक्तिका नाममा नामसारी भएको देखिएकोले रोक्का राख्नु पर्ने दायित्व भएका कर्मचारीले आफ्नो दायित्व पुरा नगरी अनुचित कार्य गरेको भन्ने आरोपमा यी पुनरावेदक उपर विभागीय सजायको प्रकृया अघि बढेको देखिन्छ ।

विभागका महानिर्देशकले मिति २०७४।४।३२ मा पुनरावेदकलाई तपाइ जग्गा रोक्का राख्नु पर्ने दायित्व भएको कर्मचारी भएर पनि कानूनद्वारा निर्दिष्ट कार्य नगरी कर्तव्य र आचार विपरित अनुचित कार्य गरेको देखिएकोले तपाइलाई किन कारवाही नगर्ने ? सो गर्नु नपर्ने कारण सहित १५ दिन भित्र स्पष्टीकरण पेश गर्नु भनी पत्र लेखेको पाइयो। मिति २०७४।५।१४ मा पुनरावेदकले स्पष्टीकरण पेश गर्दै आफु मोठ फाँटमा कार्यरत रहेको र उक्त लिखत रोक्का मोठ भिडाई रजिष्ट्रेशन पासको लागि रजिष्ट्रेशन फाँटमा गएकोमा सो फाँटमा रोक्का भिडी गएको लिखत रजिष्ट्रेशन पास भयो वा भएन थाहा नभएको र रजिष्ट्रेशन पास भए पश्चात सम्बन्धितले रोक्का राख्न नल्याएकोले उक्त पारित दृष्टिबन्धक रोक्का रजिष्ट्रेशनमा रोक्का रहन नगएको हो भनी पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको भन्दै पुनः मिति २०७४।७।५ मा निजामती सेवा ऐनको दफा ६७ को प्रयोजनार्थ सजाय प्रस्ताव गरी १५ दिनको म्याद दिई सफाई पेश गर्ने अन्तिम मौका सहितको पत्र दिए पश्चात मिति २०७४।७।१४ मा पुनरावेदकले पुनः स्पष्टीकरण पेश गरेको देखिन्छ । पुनः स्पष्टीकरण पेश गर्दा पनि पुनरावेदकले

आफूले मोठ भिडाई पठाएको तर रजिष्ट्रेशन पास भए नभएको थाहा नभएको भनी उल्लेख गरेको देखियो । तत्पश्चात निजामती सेवा ऐनको दफा ६८ बमोजिम लोक सेवा आयोगको परामर्श बमोजिम मिति २०७४।१२।१२ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकले पुनरावेदकको दुई वर्ष बढुवा रोक्का गर्ने गरी विभागीय सजाय आदेशको निर्णय गरेको देखिन्छ ।

मिसिल संलग्न तथ्य र कागज प्रमाण हेरी निर्णय तर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा अख्तियारप्राप्त अधिकारीले पुनरावेदकलाई १५ दिनको म्याद दिई स्पष्टीकरण सोधेको र पुनरावेदकले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको भनी सजाय प्रस्ताव गरी पुनः सफाई पेश गर्ने मौका प्रदान गर्दा दुवै पटक आफ्नो जिम्मेवारीबाट पन्छिई आफूले मोठ भिडाई पठाएकोसम्म हो, रजिष्ट्रेशन पास भए नभएको आफूलाई थाहा नभएको र पास भएको भए सम्वन्धितले रोक्का राख्न नल्याएकोले उक्त जग्गा रोक्का नरहेको भन्ने व्यहोरा उल्लेख गरेबाट निज आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ। जग्गाको मोठ श्रेस्ता भिडाउने र रोक्का राख्ने कार्य आफ्नो जिम्मेवारीभित्र पर्ने कुरालाई पुनरावेदकले इन्कार गरेको देखिएन । यस अवस्थाँमा आफ्नो पदीय जिम्मेवारीको पालना नगरी खाली 'सम्वन्धितले रोक्का राख्न नल्याएको भन्ने आधारमा मात्रै आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्ने हुँदैन। आफू कार्यरत कार्यालयमा आफ्नो जिम्मेवारीको काम कर्तव्यनिष्ठ भई सम्पादन गर्नुपर्ने र सो कामसँग सम्वन्धित अन्य शाखा तथा फाँटहरुसँग आवश्यक समन्वय गरी अभिलेख दुरुस्त राख्नु पर्ने जिम्मेवारी भएको कर्मचारीले सेवाग्राही वा अन्य कसैले पारित भएको लिखतलाई रोक्का राख्न नल्याएको भनी जिम्मेवारीबाट पन्छिने कार्यले आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक पालना भएको मान्न मिल्ने देखिँदैन । त्यति मात्र होइन आफूले गरेका काममा त्रुटी भएको भए मालपोत ऐन, २०३४ को दफा ३२(ख) बमोजिम मालपोत विभागका महानिर्देशकले उक्त निर्णय सच्याउन सक्नेमा सो नगरेको भन्दै पुनरावेदकले आफ्नो गल्ती अरुमाथि थोपर्ने प्रयत्न गर्न खोजेको अवस्था पनि देखिन्छ ।

जग्गा प्रशासन निर्देशिका, २०५८ को नम्बर २७२ मा लिखत पारित गर्दा, दाखिल खारेज र नामसारी गर्दा समेत रोक्का भिडाउनु पर्ने व्यवस्था गरिएको र रोक्का भिडाई लिखत पारित भए पश्चात दृष्टिबन्धक बमोजिमको जग्गा रोक्का नराखी दिएको कारणले अर्कै व्यक्तिको नाममा जग्गा नामसारी भई जानुले निजले आफ्नो जिम्मेवारी पूरा नगरेको त देखिन्छ नै त्यसमाथि पनि सम्वन्धितले रोक्का राख्न नल्याएको भनी गैरजिम्मेवार जवाफ पेश गरी उम्कन खोजेको देखिन्छ । सम्वन्धित कर्मचारीले आफूले गरेको र गर्नु पर्ने कामको जिम्मेवारी र जवाफदेहिता वहन गर्नु पर्ने हुन्छ र आफूलाई प्राप्त जिम्मेवारी सक्षमताका साथ सम्पन्न गर्नु पनि निजको दायित्वभित्र पर्दछ । कानून प्रतिकूल कार्य गर्ने राष्ट्र सेवक कर्मचारीलाई उसले गरेको कसूरको मात्रा अनुसार सजाय नहुने हो भने राज्य र कानूनी व्यवस्था प्रति नै सामान्य नागरिकको विश्वास टुट्न सक्छ भन्ने तथ्यलाई यस सन्दर्भमा मनन गर्नु वाञ्छनीय देखिन्छ । कानूनी राज्यमा कुनै पनि किसिमको कानूनी आचरण र अनुशासन उल्लङ्घन गर्ने छुट कसैलाई पनि हुँदैन । कसूरको गाम्भिर्यता र मात्रा अनुसार त्यस्तो कसूर गर्नेले सजाय पाउनु नै पर्छ । अन्यथा कसूरमा दण्डहिनता बढेर जानुको साथै राज्यमा कानूनको परिपालना हुन सक्दैन । साथै, राष्ट्रसेवक कर्मचारीले आफूलाई तोकेको जिम्मेवारीबाट यसरी पन्छिने हो भने सार्वजनिक प्रशासनको आधारभूत मान्यतामा समेत खलल पर्न जाने हुन्छ ।

निजामती सेवा ऐन, २०४९ ले निजामती कर्मचारीलाई अनुशासित, नियमित र जिम्मेवार रहनुपर्ने गरी आचरणका नियमहरुको व्यवस्था गरेको पाइन्छ । निजामती कर्मचारीले अनुशासनपूर्वक काम गरे बापत निजको वृत्ति विकास तथा पेशागत सुरक्षाको व्यवस्थाका साथै पुरस्कारको समेत व्यवस्था गरेको छ । आफूलाई तोकिएको जिम्मेवारीको पालना नगरेमा सजायको भागीदार बन्नु पर्ने गरी दण्डको

व्यवस्था पनि सोही ऐनको परिच्छेद-९ अन्तर्गतका विभिन्न दफाहरुमा उल्लेख गरेको पाईन्छ । यसरी राज्यले निजामती कर्मचारीको वर्तमान तथा भविष्य समेत सुरक्षित रहने व्यवस्था गरिदिए पछि सम्वन्धित कर्मचारीले पनि आफ्नो दायित्व पूरा गर्नु पर्ने हुन्छ । राष्ट्रसेवक कर्मचारीले आफ्नो आचार अनुकूलको कार्य नगरेको, आफुलाई तोकिएको दायित्व पूरा नगरेको कारण सेवाग्राहीलाई मर्का पर्न गएमा वा हानी नोक्सानी पुगेमा सजायको भागीदार हुनुपर्ने कुरा अवश्यम्भावी छ । प्रस्तुत मुद्दामा पुनरावेदकले रकमको सुरक्षा वापत साहूले प्राप्त गर्ने धितो वापतको जग्गा अन्य कसैलाई कुनै व्यहोरावाट हक हस्तान्तरण वा बन्धकी राख्न नपाउने गरी रोक्का राखिदिनुपर्नेमा सो नगरेका कारण गैरकानूनी रुपले हक हस्तान्तरण भई सम्बन्धितलाई हानी नोक्सानी पुग्न गएको देखिन्छ । उल्लिखित कि.नं. २४८ को जग्गाको दृष्टिवन्धक लिखत पारित भइरहेको अवस्थामा सो बमोजिम रोक्का फकुवा नहुँदै अर्को व्यक्ति सन्नमाया तामाङ्को नाममा नामसारी गराउने कार्यमा निजको संलग्नता रहेको थिएन भनी भन्न मिल्ने पनि देखिदैन। अतः पुनरावेदकले आफुलाई तोकिएको दायित्व पूरा गर्दागर्दै पनि कारवाही भएको मिलेन भनी लिएको जिकिरसँग सहमत हुन सकिएन ।

यसरी, प्रस्तुत मुद्दामा पुनरावेदकले आफूलाई तोकिएको दायित्व जिम्मेवारीपूर्वक पूरा गरेको भन्न सकिने अवस्था देखिएन । कानूनको संरक्षण गर्नुपर्ने कर्मचारीले आफ्नो आचरण र कर्तव्य विपरित कार्य गरेको अवस्थामा विभागीय सजाय दिन सक्ने अख्तियारप्राप्त अधिकारीले लोक सेवा आयोगको परामर्श समेत लिई कानून बमोजिमको प्रकृया अपनाई सबुद प्रमाणको मूल्याङ्कन गरी गरेको विभागीय कारवाहीलाई अन्यथा भन्न मिलेन । तसर्थ, पुनरावेदक राजकुमार सुवेदीले सम्पादन गरेको कार्य सन्तोषजनक नभएको तथा तोकिएको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको आरोपमा निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (क) र (घ) बमोजिमको कसूरमा सोही ऐनको दफा ५९ को (क) को (२) बमोजिम दुई वर्षसम्म बढुवा रोक्का गर्ने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकले मिति २०७४।१२।१२ मा गरेको विभागीय सजायको आदेश मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । सरोकारवालालाई फैसलाको जानकारी दिई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

(रीता मैनाली)
सदस्य

उक्त रायमा सहमत छौं ।

(कृष्णप्रसाद पौडेल)
सदस्य

(डिल्लीराज घिमिरे)
अध्यक्ष

ईति सम्वत २०७७ साल मंसिर २२ गते रोज २ शुभम्.............................. ।